एड्स तथा यौन रोगबाट
बच्न र बचाउन
-सुरक्षित यौन सम्पर्क गरौं,
-यौन सम्पर्क गर्दा कन्डमको प्रयोग गरौं,
-विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
-एचआइभी नियमित परीक्षण गरौं,
-यौनरोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस ०५ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 December 20 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११२

## दोस्रो त्रैमासिक परीक्षाको माग गर्दै बहुदरमाई नपाका विद्यार्थी आन्दोलित

नरेश यादव, पर्सागढी, ४ पुस/

बहुदरमाई नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका विद्यार्थीहरूले दोस्रो त्रैमासिक परीक्षामा विलम्ब भएको भन्दै बिहीवार आन्दोलन गरेका छन् ।


तस्वीरः प्रतीक

प्रत्येक तीन महीनामा लिइनुपर्ने परीक्षा अहिले दोस्रो त्रैमासिक परीक्षा नलिएको भन्दै उनीहरूले आज प्रदर्शन गरेका हुन् । बहुदरमाई नपामा १८ वटा सामुदायिक विद्यालय छन् । ११ वटा प्रावि, एउटा निमावि र छवटा मावि विद्यालय रहेको यो नपामा अहिले एउटा मात्र विद्यालयले दोस्रो त्रैमासिक परीक्षाको सूची प्रकाशन गरेको छ ।

नगरप्रमुख सिंगासन साह तेलीले एउटा विद्यालयले परीक्षा तालिका प्रकाशन गरेको र अरू विद्यालयले पनि क्रमशः निकाल्दै जाने बताए । उनले त्यसका लागि पहल भइरहेको जानकारी गराएका छन् । तर शिक्षा प्रमुख प्रमोद यादवले पालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरूले साउनदेखि अहिलेसम्म तलब नपाएका र विद्यालयमा अतिरिक्त क्रियाकलापको लागि छुट्टै बजेट नभएको कारण परीक्षामा विलम्ब भएको बताए । उनले केही विद्यालयले आन्तरिक स्रोतबाट परीक्षा सम्पन्न गर्नेगरी तयारी गरेको तर अधिकांश विद्यालयलाई पालिकाबाट सहयोग नहुँदा परीक्षा प्रभावित भएको बताए ।

बहुदरमाई नपामा नगरसभा सम्पन्न भइसकेको छ । तर नगरप्रमुख र उपप्रमुखबीचको मनमुटावले खाता सञ्चालनमा आउन सकेको छैन । नगरप्रमुखले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा नगरसभा सम्पन्न भएको विवरण नपठाएका कारण अहिलेसम्म नपाको खाता सञ्चालनमा आउन नसकेको हो । यो पालिकामा कर्मचारी भर्नासम्बन्धी विवाद भएर नगरप्रमुखले विवरण नपठाएका हुन् ।

स्वास्थ्यकर्मी नियुक्तिको विषयलाई लिएर नगरप्रमुखले असहमति जनाउँदै आएको र यही विषयलाई लिएर खाता सञ्चालनमा आउन नसकेको बताइन्छ । सामाजिक सुरक्षा भत्ताबाहेक अन्य खाता सञ्चालन नहुँदा नपाको आर्थिक कारोबार ठप्प छ ।

कर्मचारीहरूले तलब पाएका छैनन्, ठेकेदारहरूले भुक्तानी पाएका छैनन् र नगरको विकास पूर्णरूपमा ठप्प छ ।

## माइती नेपाल, पर्साद्वारा एक वर्षमा २६५ जनाको उद्धार

प्रस, वीरगंज, ४ पुस/

माइती नेपाल, पर्साले बिहीवार पत्रकार सम्मेलन गरी विगत २७ वर्षदेखि पर्सा जिल्लामा चेलीबेटी बेचबिखनविरुद्धको अभियान सञ्चालन गर्दै आएको जानकारी गराएको छ ।


तस्वीरः प्रतीक

माइती नेपाल, पर्साकी सुपरभाइजर गोमा पौडेलले सन् २०२४ मा २६५ जनाको उद्धार गरिएको र १३२ जनालाई भारत जानबाट रोक लगाइ नेपाल घर फिर्ता पठाइएको बताइन् । उनले १८ वर्षमुनिका १२७ र १९ वर्षमाथिका १२८ जनाको उद्धार गरिएको जानकारी गराइन् ।

सुपरभाइजर पौडेलले २० वर्षमाथिका महिलाहरूलाई घर फर्काउने गरेको र यो अवधिमा सो उमेर समूहका ३९ जनालाई घर फर्काइएको बताइन् । १३२ जनामध्ये १८ वर्षमुनिका ५४ र १९ वर्षमाथिका ७८ जना रहेका तथा यसमा यस वर्ष मधेस प्रदेशको सङ्ख्या सबैभन्दा बढी देखिएको बताइन् । उनले यस वर्ष मधेस प्रदेशका ४५ जना महिलाको उद्धार गरिएको र यो सङ्ख्या सबैभन्दा बढी भएको बताइन् । गत वर्ष मधेस प्रदेशमा यो समस्या नदेखिएको तर यसपटक भने बढेको उनले जानकारी गराइन् ।

यसैगरी, प्रदेशगतरूपमा बाग्मतीका ४२, सुदूरपश्चिमका १२, गण्डकी–लुम्बिनीका नौ/नौ, कोशीका पाँच र कर्णालीका दुईजनाको उद्धार गरिएको उनले बताइन् । यस वर्ष गृह संरक्षणमा २६५ जना रहेको र त्यसमा चारजना बालबालिका रहेकामा उनीहरूको परिवारसँग पुनर्मिलन गराइएको बताइन् ।

२६४ जनाको नेपालमा र एकजनाको भारतमा पुनर्मिलन गराइएको बताइन् । सन् २०२४ मा माइती नेपालले २१ हजार ३७२ वटा सवारीसाधनको चेकजाँच गरेको, २५ हजार ६१५ जनालाई परामर्श दिएको र दुई हजार ४१ वटा पर्चा वितरण गरिएको बताइन् । सुपरभाइजर पौडेलले १४ देखि ५० वर्ष उमेर समूहका ३५ जना नेटवर्किङका लागि भारत जान लाग्दा रोकेको, २९ जना प्रेममा भागेर जानेहरूको उद्धार गरिएको, जानकारी नभएको ठाउँमा जान लागेका २९ जनालाई उद्धार गरेको, सामान खरीदको बहानामा जाने १४, काम गर्ने बहानामा जाने १७, हराएर फेला परेका दुई, आफन्त भेटघाट गर्न भनेर गएका दुई, आर्केस्टाका लागि जाने तीन र औषधि उपचारको बहानामा भारत जान खोजेका दुईजनाको उद्धार गरिएको सुपरभाइजर पौडेलले बताइन् ।

माइती नेपालमा सन् २०२४ मा ३६ वटा निवेदन खोजतलाशको लागि दर्ता भएको बताइन् । उनले उद्धार गरिएका महिलाहरूले लैजाने व्यक्तिको पहिचान नखुलाउने गर्दा समस्या हुने गरेको र भारतबाट उद्धार गरी ल्याउन अदालती बाटो अख्तियार गर्ने हुँदा ढिला हुने गरेको बताइन् । उनले भारतमा अदालतमा पुऱ्याएर त्यहाँबाट ल्याउँदा समय लाग्ने गरेको तर नेपालमा भने उद्धार गरिएका महिलाहरूलाई अभिभावकको पहिचान गरी हस्तान्तरण गरिने हुँदा भारतीय प्रहरीले परिवारलाई सुम्पिएका महिलाहरूका बारेमा बारम्बार सोधनी गर्ने गरेको बताइन् । उनले सीमानाकामा खट्ने प्रहरीहरूको सरुवा तीन/चार महीनामैं हुने हुँदा उनीहरूको सहकार्यमा काम गर्न पनि समस्या भइरहेको बताइन् ।

चेलीबेटी बेचबिखनविरुद्धको अभियानमा पर्सामा हाल माइती नेपालसहित चारवटा संस्था कार्यरत छन् । समन्वय हात नेपाल, आशिष सामाजिक सेवा र आफन्त नेपाल गरी चारवटा संस्थाले यो क्षेत्रमा काम गरिरहेका छन् तर चारवटै संस्थाबीच समन्वयकारी भूमिका देखिएको छैन । सबैले अलग–अलगरूपमा जानकारी गराउने हुँदा पर्सा जिल्लाबाट हुने गरेको चेलीबेटी बेचबिखन र उद्धार कार्यको यकीन तथ्याङ्क सार्वजनिक हुन सकेको छैन ।

## २० दिनदेखि ठाकुर राम बहुमुखी क्याम्पसमा तालाबन्दी

प्रस, परवानीपुर, ४ पुस/

ठाकुर राम बहुमुखी क्याम्पसमा २० दिनदेखि कर्मचारीहरूले तालाबन्दी गरेका छन् । पाँच सूत्रीय माग राख्दै ठाराब क्याम्पसको कर्मचारी सङ्घ एकाइ समितिले सो आन्दोलन गरेको हो । क्याम्पसमा कार्यरत स्थायी, करारलगायत सबै कर्मचारीले धर्नासमेत दिइरहेका छन् ।



तस्वीरः प्रतीक

एकाइ सभापति किशोरीप्रसाद चौधरीका अनुसार जबसम्म माग पूरा हुँदैन, तबसम्म आन्दोलन जारी रहने उनले बताए । सहायक लेखापाल बुधन मुखियाको काजसरुवा फिर्ता गर्नुपर्ने, ४० प्रतिशत अतिरिक्त पारिश्रमिक कर्मचारीहरूलाई उपलब्ध गराउनुपर्ने, १० जना आन्तरिक करार कर्मचारीलाई स्केल अनुसार तलब व्यवस्था गर्नुपर्ने, क्वार्टरको मरम्मत नहुन्जेलसम्म भाडा लिन बन्द गर्नुपर्ने, 'क' श्रेणीको क्याम्पस भएकोले लेखा नियन्त्रकको व्यवस्था गर्नुपर्ने माग कर्मचारीहरूको रहेको छ ।

सो क्याम्पसमा पठनपाठन जारी रहे पनि विगत २० दिनदेखि टिसी, सिसी, भर्ना, सिफारिशलगायतका प्रशासनिक कार्य ठप्प छन् । पुस ७ गते सिनेटको बैठक भएकोले दबाब सिर्जना गर्नको लागि त्रिभुवन विश्वविद्यालय कर्मचारी सङ्घले पुस २ देखि ५ गतेसम्म धर्ना कार्यक्रम जारी राखेको छ ।

ठाराब क्याम्पस वीरगंजमा २० दिनदेखि आन्दोलन हुँदा विद्यार्थीहरू मर्कामा परेका छन् । विद्यार्थीहरूले विवाद चाँडै सुल्झाएर क्याम्पस नियमित सञ्चालन गर्न माग गरेका छन् ।

क्याम्पसका सहायक लेखापाल बुधनलाई पूर्वाग्रही हिसाबले सिराहामा सरुवा गरेको आरोप लगाइएको छ ।

## प्रष्टोका माविमा विद्यार्थीहरूको हडताल

प्रस, परवानीपुर, ४ पुस/

बारा, प्रसौनी गाउँपालिका वडा नं ५ प्रष्टोकामा रहेको नेरामाविका विद्यार्थीहरूले बिहीवारदेखि विद्यालयमा हडताल शुरू गरेका छन् ।


तस्वीरः प्रतीक

केही दिनअगाडि गापाको शिक्षा शाखाले गणित विषयका शिक्षक कृष्णप्रसाद साह, लेखा विषयका शिक्षक विनोद प्रजापतिलगायतलाई हटाएको तथा विज्ञान र नेपाली विषयका शिक्षक नभएको भन्दै विद्यार्थीहरूले हडताल गरेका हुन् ।

विद्यार्थीहरूका अनुसार पठनपाठन नियमित गर्न र शिक्षकहरूको व्यवस्था नभएसम्म विद्यालयमा हडताल जारी रहने बताएका छन् ।

यसै विषयमा प्रधानाध्यापक नगनारायणप्रसाद साहले खुला प्रतिस्पर्धाबाट छनोट भएर आएका तीनजना शिक्षकलाई विद्यालयले अध्यापन गर्न लगाएको र पुराना केही शिक्षकको शिक्षण अध्यापन अनुमतिपत्र नभएकाले उनीहरूलाई हटाइएको जवाफ दिए । हटेका शिक्षकहरूको उक्साहकटमा विद्यार्थीहरूले हडताल गरिरहेको उनले बताए ।

यस विषयमा वडाध्यक्ष सन्तोष साह कानूले केही सातामा शिक्षकको व्यवस्थापन मिलाउने तयारी भइरहेकाले छलफल र वार्ताबाट समस्या समाधान हुने बताए । विद्यार्थीहरूले भने सरुवा भएर आएका नयाँ तीनजना शिक्षकले राम्ररी नपढाएको आरोप लगाएका छन् ।

## ३० महीनादेखि जबरजस्ती कब्जा गरेर बस्दै यादव परिवार

प्रस, परवानीपुर, ४ पुस/

वीरगंज–१६ इनर्वाका अगुवा भनेर चिनिने मदनप्रसाद यादवको परिवारले जबरजस्ती ३० महीनादेखि अर्काको सम्पत्ति हडपेर बसेको समाचार छ ।


लालदेवप्रसाद यादव । तस्वीरः प्रतीक

सोही गाउँका लालदेवप्रसाद यादवले ३५ लाख पाँच हजार ५१ रुपैयाँमा महालक्ष्मी विकास बैंक श्रीपुर शाखाद्वारा २०७८ चैत १० गते निकालिएको घरघडेरी लिलामी सूचनामा आवेदन गरी मदन यादवको घरघडेरी लिलाम सकार गरेका थिए ।

२०७९ असार १५ गते लालदेवप्रसाद यादवको नाममा घर, जग्गा दाखा गर्न भनी मालपोतको नाममा बैंकले परिपत्र गरेको थियो । त्यसपछि सोही महीनाको ३१ गते मालपोत कार्यालय, पर्साले साबिक छपकैया, वीरगंज–६, हाल वीरगंज–१६ इनर्वा कित्तं ५६५ को एक कट्ठा पाँच धुर जग्गा र सोमा बनेको एक तले पक्की घरको दाखा गरी लालपुर्जा बनाएको थियो ।

अहिले सो जग्गा र घरको स्वामित्व लालदेवप्रसाद यादवको नाममा रहेको छ । प्रारम्भिक चरणमा व्यावहारिक हिसाबले घरघडेरी खाली गर्न भन्दा आनाकानी गरेका मदनप्रसाद यादवले जिल्ला प्रशासन कार्यालय, पर्सा र वडा कार्यालयमा समेत लालदेवप्रसाद यादवले लिलामी सकार गरेको रकम फिर्ता गर्ने वा घर खाली गर्ने सहमति गरे तापनि उनले रकम फिर्ता गरेका छैनन् भने घर पनि खाली गरिरहेका छैनन् ।

लालदेवप्रसाद यादवले सञ्चारकर्मीसँग कुराकानी गर्दै घरघडेरी खाली गराइदिनका लागि स्थानीय प्रहरी प्रशासनसँग अपील गरेको बताए । केही दिनअगाडि जबरजस्ती जग्गा हडपेका मदनप्रसाद यादवको परिवारले आत्मदाह

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**कहिले आकाङ्क्षा त कहिले दायित्व पूर्ति महत्त्वपूर्ण हुन पुग्दछ; कसलाई प्राथमिकता दिने रनभुल्लमा मानिसको जीवन बितिसकेको हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# कृषि मल अभाव

**नेपालमा कृषि मलको अभाव हरेक बालीमा देखिँदै आएको छ । मुख्यतया बाली लगाउने बेलामा हरेकपटक किसानले मलको खोजीमा समय र श्रम खर्च गर्नुपर्ने बाध्यता छ । आवश्यकता अनुसारको मल अभाव हुँदा उत्पादन घट्ने भएकोले कृषिमा किसानको विश्वास घटाउने गम्भीर समस्याको रूपमा यो उभिएको छ । मल अभावको समस्या नेपालमा बारम्बार किन दोहोरिन्छ ? यसका तीन प्रमुख कारण छन् । पहिलो, नेपालमा मलको माग र आपूर्तिबीच ठूलो अन्तर छ । हाम्रो मुलुकमा वार्षिकरूपमा झन्डै सात लाख मेट्रिक टन रासायनिक मल आवश्यक पर्ने अनुमान छ। सो परिमाणमा मल आयात गर्न भने सकेको छैन । सरकारी खरीद प्रक्रिया ढिलासुस्ती र व्यवस्थापकीय कमजोरीले समयमैं मल आयात र वितरण सम्भव हुँदैन । दोस्रो, वितरण प्रणाली कमजोर छ । सहकारी र सरकारी निकायले अनुदानको मल वितरण गर्छन्, तर प्रभावकारी वितरण सुनिश्चित गर्न नसक्दा कालोबजारी र बिचौलियाहरूको प्रभाव बढेको छ । जसले गर्दा किसानहरूले चर्को मूल्यमा मल खरीद गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।**

**तेस्रो कारण भनेको नेपालको मल आयात पूर्णरूपमा अन्य देशहरूमा निर्भर छ। भारत, चीन र अन्य मुलुकहरूबाट मल आयात हुँदा त्यहाँको बजार मूल्य, आपूर्ति शृङ्खलामा आएको अवरोध र ढुवानीमा भएको समस्या नेपालका किसानले भोग्नुपरेको छ। यस समस्याको समाधान दीर्घकालीन रणनीतिहरू नअपनाएसम्म गाऱ्हो छ । नेपालमा युरिया र अन्य रासायनिक मल उत्पादनको सम्भावना छ। सरकारले प्राविधिक र आर्थिक दृष्टिले सम्भव हुने परियोजनाहरूको अध्ययन गरी स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्छ । आयात प्रक्रिया सुधार गर्नुपर्छ। मल खरीदमा समय र खर्च घटाउन, अन्तर्राष्ट्रिय आपूर्तिकर्तासँग दीर्घकालीन सम्झौता गर्नुपर्छ। साथै खरीद प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व बढाउनु आवश्यक छ। वितरण प्रणाली प्रभावकारी बनाइनुपर्छ। मल वितरणमा सहकारी र स्थानीय सरकारबीचको सहकार्यले सुदूर ग्रामीण क्षेत्रमा मलको पहुँच बढाउन सकिन्छ । अनुगमनलाई कडा बनाउन, वितरण प्रणाली डिजिटल गर्नुपर्ने हुन्छ । रासायनिक मलको आपूर्ति कम गर्न जैविक मलको प्रवर्द्धनतर्फ पनि सरकारको ध्यान जानुपर्छ ।**

**रासायनिक मलको विकल्पमा जैविक मलको प्रयोगले दीर्घकालीनरूपमा माटोको उर्वराशक्ति कायम राख्न मदत गर्छ । किसानहरूलाई जैविक मल बनाउन र प्रयोग गर्न तालीम दिनु आवश्यक छ । कालोबजारी गर्नेहरूको कारण मल अभाव देखिने हुँदा कालोबजारी गर्नेहरूको पहिचान गरी कडा कारबाही गर्ने कानूनी व्यवस्था गर्नुपर्छ। यसका लागि स्थानीय तहमा निगरानी समितिहरू गठन गरी वितरण प्रणालीलाई पारदर्शी बनाउन सकिन्छ । किसानका लागि अधिकार, सरकारका लागि जिम्मेवारी भन्ने नारालाई सार्थक पार्न सबै पक्ष लागिपर्ने हो भने समस्या धेरै हदसम्म समाधान हुन्छ । नेपालको अर्थतन्त्र कृषिप्रधान छ, जहाँ अधिकांश जनसङ्ख्या कृषिमा निर्भर छन्। यस्तो अवस्थामा किसानलाई मलको अभावमा अलपत्र पार्नु केवल सरकारी अक्षमता हो। मल अभावको समस्या समाधान गर्न पर्याप्त स्रोत साधन परिचालन गरी किसानको विश्वास फर्काउनु सरकारको पहिलो जिम्मेवारी हो । अन्यथा कृषि पेशाबाट पलायन हुनेको सङ्ख्या र कृषियोग्य भूमि क्रमशः बाँझो बन्दै जाने क्रमले तीव्रता लिनेछ ।**

# राजनीतिक हस्तक्षेपले बिगारेको उच्च शिक्षा

स्वतन्त्र विचार

श्रीमन्नारायण
an_shriman@yahoo.com

**विश्वविद्यालयलाई राजनीतिको अखाडा बन्न दिनुहुँदैन । यसमा आफ्नो मान्छेलाई भर्ना गर्न र अनावश्यकरूपमा दबाव दिने काम गर्नुहुँदैन । मधेसको शिक्षा व्यवस्था तहसनहस हुन पुगेको छ । पूरै देशमा सबैभन्दा कमजोर शिक्षाको गुणस्तर र शैक्षिकदर पनि मधेस प्रदेशकै छ ।**

उच्च शिक्षा भनेकै विश्वविद्यालय शिक्षा हो । विश्वविद्यालय र उच्च शिक्षाको प्रत्यक्षरूपमा अन्योन्याश्रित र गाढा सम्बन्ध हुने गर्छ। विश्वविद्यालयहरू सुध्रिए देशको उच्च शिक्षा आफैं सुध्रिन्छ तर विश्वविद्यालयभित्र अनावश्यक हस्तक्षेप गर्न थालियो, त्यसलाई अधोगतिमा लग्ने काम भयो भने उच्च शिक्षा पनि अस्तव्यस्त हुन पुग्छ । विश्वविद्यालयलाई स्वायत्त, प्राज्ञिक र दलीय हस्तक्षेपमुक्त संस्था बनाउन सके उच्च शिक्षा अग्रगमनतर्फ लम्कन्छ भने दलीय हस्तक्षेप बढ्दै गए उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले खोलिएका संस्थाहरू उठ्नै नसक्ने गरी थला पर्छन् । विश्वविद्यालयहरूलाई सबल तुल्याउन सरकार, समाज र विश्वविद्यालय प्रशासन सबैको उत्तिकै गहन एवं जिम्मेवार भूमिका आवश्यक छ।

नेपालको उच्च शिक्षा कहिले हचुवामा ल्याइएका नीतिबाट आक्रान्त हुँदै आएको छ, त कहिले नेता र नेताका वफादार कार्यकर्ता र पछुवाहरूको स्वार्थपूर्ति गर्ने थलो बनाइएकाले पनि शिक्षाले अपेक्षित गति लिन सकेको छैन। उच्च शिक्षा क्षेत्रलाई राजनीतिक दलहरूको लुँछाचुँडीको क्षेत्र बनाइने गरेकोले विश्वविद्यालयहरूले चाहेजस्तो सन्देश प्रवाह गर्न सकेको छैन। सक्षम, गतिशील र वरिष्ठहरूलाई पाखा लगाउँदै कमजोर एवं क्षमताविहीनहरूका हातमा विश्वविद्यालयहरू सुम्पने गरेकाले मधेस प्रदेशका विश्वविद्यालयहरू मात्रै नभई समग्र उच्च शिक्षामा नै आघात पर्दै आएको छ। हुनत यस रोगको शिकार देशका अन्य विश्वविद्यालयहरू पनि छन् तर मधेसमा यो बढी छ।

विश्वविद्यालयमा उपप्राध्यापकहरूका रूपमा प्रवेश दिइने भनेको पढाउनका लागि हो । निरन्तर कक्षामा गएको, विद्यार्थीलाई चित्तबुझ्दो गरी पढाएको, अधिकांश विद्यार्थीहरू उत्तीर्ण हुने गरी पढाएको विषयलाई गौण ठानियो । यसबापत कुनै अङ्क विभाजन गरिएन भने प्रशासनमा बसेकालाई बढी अङ्क दिइयो। पढाउन छाडेर यस्तै प्रशासनिक पदहरूमा बढीभन्दा बढी समय व्यतीत गर्नमा नै व्यक्तिको उन्नति हुने देखिन्छ। प्राध्यापकको कर्तव्य पढाउनु नै प्रमुख हो भन्नेतिर सरकार लाग्नुपर्नेमा अन्यत्र उन्मुख भएको अनुभव गरिएको छ । उपकुलपति भएर सेवाबाट बाहिरिने लक्ष्य बोकेका प्राध्यापकले जसरी तसरी विभागाध्यक्ष, सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रमुख, डाइरेक्टर, डीनलगायत पदहरू हत्याउन मरिहत्ते गर्नुपर्ने हुन्छ। राजनीतिक दलहरूले तयार पारेको सूचीलाई जस्ताको त्यस्तै सरकारमा पेश गर्नका लागि सिफारिश समितिको कल्पना गरिएको हुँदैन तर दलहरूले योग्य व्यक्तिलाई सिफारिश नगर्ने, आयोगका सदस्यहरूको योग्यतामाथि प्रश्नचिह्न उठाइन्छ र आयोग नै खारेज गरिन्छ।

नेपालको संविधान २०७२ को प्रारम्भिक मस्यौदामा सङ्घको अधिकार क्षेत्रभित्र पर्ने सरकारी विश्वविद्यालयको पदपूर्ति, नियुक्ति र बढुवासम्बन्धी व्यवस्था सङ्घीय लोकसेवा आयोगले गर्नेगरी कानूनमा व्यवस्था गरिनेछ भन्ने उल्लेख छ। विश्वविद्यालयका शिक्षक तथा अन्य जनशक्ति विश्वविद्यालयभन्दा बाहिर गठन हुने छुट्टै निकायले गर्नुपर्छ भन्ने नीतिगत प्रस्ताव नेपालमा आएको यो पहिलोपटक भने होइन।

विश्वविद्यालय अनुदान आयोगले तयार पारेको उच्च शिक्षा नीतिको प्रस्तावना, २०७१ मा समेत विश्वविद्यालयका शिक्षक भर्ना गर्न छुट्टै निकायको व्यवीथा गर्ने उल्लेख छ । नीतिमा पारदर्शी एवं प्रतिस्पर्धाको आधारमा शिक्षक भर्ना, शिक्षक आचारसंहिताको पालना, सेवा व्यवस्थापनको अवस्था एवं नियमित व्यावसायिक क्षमता अभिवृद्धिसम्बन्धी विकास एवं नियमन गर्नका लागि विद्यमान लोकसेवा आयोग समकक्षको राष्ट्रिय उच्च शिक्षा सेवा आयोगको व्यवस्था गरेको देखिन्छ। यस व्यवस्थालाई कायमै राखी थप परिमार्जनसहित यस नीतिको मस्यौदालाई शिक्षा मन्त्रालयले स्वीकृतिका लागि २०७२ वैशाखमैं मन्त्रिपरिषद्मा पेश गरेको छ। यो नीति मन्त्रिपरिषद्बाट पारित भएपछि नीतिगतरूपमा विश्वविद्यालयका शिक्षक तथा अन्य जनशक्ति छान्ने काम विश्वविद्यालयको नभई राष्ट्रिय उच्च शिक्षा आयोगको हुनेछ । त्यसो त विश्वविद्यालयमा जनशक्ति नियुक्ति गर्न विश्वविद्यालयभन्दा बाहिर छुट्टै निकायको व्यवस्था हुनुपर्छ भन्ने धारणा राख्ने विश्वविद्यालयका पूर्वपदाधिकारीहरू पनि छन्।

विश्वविद्यालयका पदाधिकारीको अप्रत्यक्ष प्रभाव रहेको विश्वविद्यालय सेवा आयोगको सट्टा सम्पूर्ण विश्वविद्यालयको लागि चाहिने शिक्षक, कर्मचारी छनोट एवं सिफारिश गर्न एउटा छुट्टै विश्वविद्यालय सेवा आयोग हुनुपर्ने तर्क पनि उपयुक्त नै लाग्छ। विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक स्तर उच्च राख्न शिक्षकहरूको नियुक्ति तथा बढुवामा एकरूपता ल्याउनका लागि सबै विश्वविद्यालय समेटिने एउटै सेवा आयोग माग पनि व्यापकरूपमा भइरहेको छ। यसोको औचित्य पनि देखिन्छ । विश्वविद्यालयमा शिक्षक, कर्मचारी नियुक्तिमा विश्वविद्यालयका पदाधिकारीको प्रभावलगायत अन्य पक्ष (जस्तै प्राध्यापक सङ्घ र राजनीतिक दल)बाट आउन सक्ने दबाबलाई कम गर्न र विश्वविद्यालय सेवामा एकरूपता ल्याउन पनि यस्तो गर्नु आवश्यक छ।

विश्वविद्यालयमा पदपूर्ति, नियुक्ति र बढुवासम्बन्धी व्यवस्था विश्वविद्यालयभन्दा बाहिर गठन हुने छुट्टै (सङ्घीय लोकसेवा आयोग वा उच्च शिक्षा आयोग)ले नै गर्ने व्यवस्था भएमा विश्वविद्यालयको स्वायत्ततालाई थप कमजोर बनाउँदै आफूलाई आवश्यक पर्ने शिक्षक र अन्य प्रशासनिक जनशक्तिसमेत नियुक्ति गर्न नसक्ने निरीह संस्थाको रूपमा विश्वविद्यालयलाई पुऱ्याउनेछ । यसले विश्वविद्यालयमा शिक्षक र कर्मचारी नियुक्ति प्रक्रियालाई अझ बढी झन्झटिलो, सुस्त र प्राविधिक बनाउनेछ । यसरी छानिएर आएका शिक्षक र कर्मचारी विश्वविद्यालयप्रति कम र छान्ने निकायप्रति बढी जिम्मवार हुने सम्भावना छ । यस्तो पद्धतिले राम्रा अनुसन्धानदातालाई विश्वविद्यालयमा प्रवेश गर्न निरुत्साहित गर्नेछ । यस्ता मनसाय राख्ने प्राज्ञिक अनुहार पनि धेरै सङ्ख्यामा छन्।

विश्वविद्यालयलाई आवश्यक पर्ने शिक्षक र अन्य प्रशासनिक जनशक्तिका लागि प्रत्येक विश्वविद्यालय अन्तर्गत एक छुट्टै विश्वविद्यालय सेवा आयोग रहने व्यवस्था हरेक विश्वविद्यालय ऐनमा छ। विश्वविद्यालयको स्वायत्तताको दृष्टिकोणबाट विश्वविद्यालय सेवा आयोगमार्फत शिक्षक र अन्य प्रशासनिक जनशक्ति छान्ने प्रक्रिया सही मान्नुपर्ने हुन्छ । अहिलेको समस्या भनेको विश्वविद्यालय अन्तर्गत कतिपय ठाउँमा सेवा आयोग अस्तित्वमा नै नरहनु हो अथवा रहे पनि आयोगले राम्ररी काम गर्न नसक्नु हो। खुला प्रतिस्पर्धाका लागि विश्वविद्यालय सेवा आयोग नियमित खुल्ने अवस्था विश्वविद्यालयले सिर्जना गर्न सके मात्र पनि समस्या निकै कम हुन्थ्यो । तर दलगत हस्तक्षेपबाट विश्वविद्यालय मुक्त नभएसम्म यो त्यति सम्भव पनि छैन।

खुला प्रतिस्पर्धाका लागि सामान्यतः प्रत्येक वर्ष खुल्नुपर्ने त्रिवि सेवा आयोग २०५५ सालयता जम्मा चार/पाँच पटक मात्रै खुलेको छ। यसले त्रिविमा करार र आंशिक शिक्षकको समस्या ल्यायो। त्रिवि सेवा आयोग नियमितरूपमा नखुल्दा विश्वविद्यालयमा आफ्नो क्यारियर बनाउन खोज्नेहरू निराश बन्न पुगे । यही अवस्थाले गर्दा राम्रा विश्वविद्यालयमा अध्ययन गरी स्वदेश फर्केको जनशक्ति पनि त्रिभुवन विश्वविद्यालयमा जान हिचकिचायो।

मधेसको अवस्था त झन् जटिल छ। सस्तो लोकप्रियता र राजनीतिक लाभका लागि जथाभावी विश्वविद्यालय खोल्ने काम भए । शिक्षक र कर्मचारीको नियुक्ति जथाभावी भइरहेका छन् । कर्मचारीको सूची कम्प्युटरमा अद्यावधिक हुँदैन। केवल कागजमा लेखिएका हुन्छन्। मधेस प्रदेश अधीनका तीनवटा विश्वविद्यालयमा कर्मचारीले डिजिटल तरीकाले हाजिर जनाउने मेशीन जडान गरिएको छैन । बिदाका दिन विश्वविद्यालयका गाडी हेटौंडामा पिकनिक मनाउन गएको हुन्छ । अनिश्चित करिअर भएको संस्थामा राम्रा र सक्षम व्यक्तिहरू जान चाहँदैनन्।

विश्वविद्यालयमा शिक्षक नियुक्ति गर्ने काम सतहमा हेर्दा प्रशासनिक जस्तो देखिए पनि यो मूलतः विश्वविद्यालयको प्राज्ञिक गतिविधिसँग जोडिएको विषय हो । विश्वविद्यालयमा फरकफरक किसिमका विभाग र अनुसन्धान केन्द्र अन्तर्गत फरकफरक प्रकारका विषयहरू अध्ययन, अध्यापन र अनुसन्धान हुन्छन् । विश्वविद्यालयले विभिन्न प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्न त्यस्ता शैक्षिक कार्यक्रमहरू सुचारु गर्न योग्य शिक्षक तथा अन्य प्रशासनिक जनशक्तिको नियुक्ति र आवश्यकता परेको खण्डमा बर्खास्तगी पनि गर्ने सम्पूर्ण अधिकार विश्वविद्यालयमैं निहित हुनु आवश्यक छ। बिस्तारै विश्वविद्यालय ऐनमा संशोधन गरी शिक्षक र कर्मचारीको नियुक्ति प्रक्रियालाई अझ विकेन्द्रित गर्दै सम्बन्धित विषयगत विभागको सिफारिशमा डीन कार्यालयलाई यो जिम्मेवारी सुम्पिनु वा अधिकार दिनु उपयुक्त हुन्छ। यसो गर्न सके विभागलाई आवश्यक पर्ने शिक्षक नियुक्त गर्न उनीहरू स्वतन्त्र हुन्छन् र योग्य शिक्षकको नियुक्ति पनि हुनेछ।

विश्वविद्यालयमा हुने शिक्षक र प्राध्यापक पदपूर्ति, नियुक्ति र बढुवासम्बन्धी नियमलाई विश्वविद्यालयमैत्री, विकेन्द्रित र थप लचिलो बनाउनुपर्नेमा हामी भने नीतिगतरूपमा नै यस प्रक्रियालाई अनावश्यकरूपले जटिल र केन्द्रित बनाउँदै लगिरहेका छौं । विश्वविद्यालयलाई राजनीतिको अखाडा बन्न दिनुहुँदैन। यसमा आफ्नो मान्छेलाई भर्ना गर्न र अनावश्यकरूपमा दबाव दिने काम गर्नुहुँदैन। मधेसको शिक्षा व्यवस्था तहसनहस हुन पुगेको छ। पूरै देशमा सबैभन्दा कमजोर शिक्षाको गुणस्तर र शैक्षिकदर पनि मधेस प्रदेशकै छ। तसर्थ अब पनि शिक्षा क्षेत्रमा हस्तक्षेप नगरी केवल विश्वविद्यालय र आयोग खोलेर हुँदैन। यसलाई पूर्वाधारले सम्पन्न, अधिकारसम्पन्न र आवश्यक आर्थिक सहयोग पनि उपलब्ध हुनु आवश्यक छ । विश्वविद्यालयलाई पर्याप्त मात्रामा बजेट पनि दिइनुपर्छ र यसको समुचित उपयोग भए-नभएको जाँच पनि हुनुपर्छ। विश्वविद्यालयको आर्थिक र प्रशासनिक दुवै कारोबार पारदर्शी हुन आवश्यक छ। साथै कार्यकर्ता भर्तीको केन्द्र पनि बन्न दिनुभएन।

# क्यान्सरविरुद्ध ‘एचपिभी’ खोप दिने तयारी

काठमाडौं, ४ पुस/रासस

‘एचपिभी’ खोप ग्लोबल एलायन्स (गाभी)को सहयोगमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने ‘ह्युमन पापिलोमा भाइरस’ (एचपिभी) खोप ल्याएको छ।

स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा पवनजङ्ग रायमाझीले चार लाख ६० हजार ९४० मात्रा खोप आएको बताए। ती खोप अहिले टेकुस्थित भण्डारण कक्षमा राखिएको र बिस्तारै प्रदेशमा पठाइने उनले जानकारी दिए।

‘एचपिभी’ खोप ग्लोबल एलायन्स (गाभी)को सहयोगमा नेपाल आइपुगेको हो । सरकारले किशोरीलाई सानै उमेरदेखि क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेदेखि खोप अभियान सञ्चालन गर्न थालेको छ । १५ दिने अभियान अन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई खोप लगाइने बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए। उनका अनुसार गाभीले १७ लाख ७० हजार खोप मात्र नेपाललाई उपलब्ध गराउनेछ।




हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट चारजना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरस सङ्क्रमण हुने गरेकोले त्यसविरुद्ध खोप लगाउनुपर्ने हुन्छ। ह्युमन पापिलोमा भाइरस सङ्क्रमण कलिलो उमेरमा विवाह, कलिलै उमेरमा बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने र धेरैजनासँग यौन सम्बन्ध बनाउने, धेरै धूमपान तथा मद्यपान गर्ने र यौनाङ्गको सरसफाइमा ध्यान नदिनाले हुने गर्छ।

नेपालमा सबैभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## गरीब र धनीबीचको अन्तर झनै फराकिलो हुने

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**यस सेवा युगले मानव जीवनलाई अनेक सेवा र सुविधाले युक्त पारिदिएको देखिएको छ। तर भित्रबाट हेर्दा भने यसले ठूलो चुनौति वा समस्या खडा गरिदिएको छ। यस युगले निश्चय पनि गरीब र धनीबीचको दूरी झनै ठूलो पार्नेछ। बहुसङ्ख्यक व्यक्ति तुलनात्मकरूपमा झनै गरीब हुनेछन्।**

समय गतिशील छ। संसार गतिशील छ। विचार गतिशील छ। हरेक कुरा गतिशील छ। स्थिर कुनै कुरा पनि छैन। गतिशीलता अपरिहार्य छ। परिवर्तन अपरिहार्य छ। तर महत्त्वपूर्ण कुरा के छ भने त्यसरी हुने परिवर्तनहरू मानव समाजको लागि हितकर हुन सकेका छन् कि छैनन् भन्ने प्रश्नतिर हाम्रो ध्यान जानु। त्यसप्रति हामी गम्भीर हुनु।

कृषियुगमा मानिसको जीवन कृषिमा आधारित थियो। बहुसङ्ख्यक व्यक्ति कृषिमा लागेको हुनाले र उत्पादन व्यवस्थामा बहुसङ्ख्यक व्यक्तिको संलग्नता भएको हुनाले खाद्यान्नको लागि अहिलेजस्तो बहुसङ्ख्यक व्यक्ति बजारमा आश्रित हुने स्थिति थिएन। बहुसङ्ख्यक व्यक्तिले आफूलाई आवश्यक पर्ने धेरै वस्तु स्वयं उत्पादन गर्दथे। फलफूल, तरकारी, अन्न, माछ, मासु आदि स्वयं उत्पादन गर्थे। तर अहिले बहुसङ्ख्यक व्यक्ति केवल श्रम उत्पादन गर्छन् र त्यही श्रम बिक्री गरेर जीवन निर्वाहका लागि आवश्यक खाद्यान्नलगायत वस्तु खरीद गर्छ। कृषिप्रतिको हाम्रो निर्भरता अहिले अभूतपूर्व किसिमले घटेर गएको छ। अर्कोतिर श्रम बिक्री गर्न श्रम बजारमाथि हाम्रो निर्भरता अभूतपूर्व किसिमले बढेको छ। अहिले हामी श्रम बिक्री गर्न नपाए भोकै बस्नुपर्ने स्थितिमा पुगेका छौं। कृषि क्षेत्रबाट ठूलो सङ्ख्यामा व्यक्ति विमुख भएकाले यस्तो स्थिति सृजना भएको हो। यो स्थितिले गरीबी वृद्धि गर्नेछ। साथै गरीब र धनीबीचको खाडल झनै फराकिलो पार्नेछ। हेर्दा सामान्य देखिए पनि यो गम्भीर समस्या हो।

कृषि युगमा केही सीमित व्यक्तिहरू छोटो समयमा नै अत्यधिक धनी हुन सम्भव थिएन। छोटो समयमा धेरै धन सृजना गर्न सजिलो थिएन। एउटा बाली तयार पारेर बिक्री गर्न सकिने अवस्थामा पुऱ्याउन कम्तिमा चार वा पाँच महीना कुर्नुपर्ने हुन्थ्यो। अर्थात् धनी हुन पनि केही समय कुर्नुपर्दथ्यो। धनी हुने गति मन्द थियो। यस कारणले गर्दा पनि धनी र गरीबीच खाडल ठूलो थिएन। आय वितरण अहिलेजस्तो अति असामान्य थिएन।

मानव सभ्यता जब उद्योग युगमा प्रवेश गऱ्यो उत्पादन व्यवस्था सरल भयो। मानव जीवन पनि सरल भयो। तर दुःखद कुरा के भयो भने उद्योग युगले मानिसलाई छोटो समयमा धनी हुन सरल पारिदियो। आज उत्पादन गरेको वस्तु आजै बिक्री गर्न पाइने भयो। कृषि युगमा जस्तो कुर्नुपर्ने भएन। उद्योग युगले छोटो समयमैं मानिसलाई धनी हुन सजिलो त पाऱ्यो तर सीमित व्यक्तिलाई मात्र धनी बन्न सजिलो भयो। जो बुद्धिले तीव्र र धन, सम्पत्तिले भरिपूर्ण थिए, त्यस्तालाई धनी हुन झनै सजिलो भयो। तर बहुसङ्ख्यक मानिसलाई त्यो अवसर प्राप्त हुन सम्भव भएन।

उद्योग युगले गरीब र धनीबीचको दूरी झन फराकिलो पारिदियो। केही व्यक्ति मात्र, देश वा संसारमा सर्वाधिक धनी हुन सक्ने स्थिति उत्पन्न गरिदियो। उद्योग क्षेत्रमा भएको अभूतपूर्व विकासले त्यति मात्र गरेन, साथै देश वा संसारको अर्थ व्यवस्था नै केही सीमित व्यक्तिको नियन्त्रणमा हुने अवस्था सृजना गरिदियो। तर पनि उद्योग युगमा एउटा गुण थियो वा छ, भन्नुपर्ने हुन्छ। त्यो के भने उद्योग युग वा वस्तु उत्पादन व्यवस्थामा मजदूर वा कामदारहरू पनि ठूलो सङ्ख्यामा संलग्न हुनुपर्ने भएकोले उत्पादन व्यवस्थाबाट हुने आम्दानी केवल उद्योगपतिहरूको हातमा मात्र रहने अवस्था रहेन वा छैन। उत्पादन व्यवस्थाबाट हुने आम्दानी कामदार तथा श्रमिकहरूको हात, पारिश्रमिक वा ज्यालाको रूपमा, न्यून मात्रमा नै भए पनि, जाने अनिवार्यता रह्यो वा छ।

अहिले हामी सेवा युगमा प्रवेश गरेका छौं। यो युगमा सर्वाधिक सङ्ख्यामा सेवा उत्पादन हुने गरेको छ। अन लाइन वा नयाँ तरीकाले वस्तु बिक्री गर्ने, अनलाइन (टिकटक, युट्युब, फेसबूक आदि) मनोरञ्जनका सामग्री उत्पादन गर्ने, नयाँनयाँ सफ्टवेयर (च्याट जिपिटी, आर्टिफिसिएल इन्टेलिजेन्स आदि) उत्पादन गर्ने जस्ता अनेक कार्यहरू यस युगमा भइरहेका छन्। सेवा युगले वस्तु होइन, सेवा उत्पादन गर्नमा बढी जोड दिइरहेको छ। ज्ञान, बुद्धि वा चलाकी बिक्री गर्न जोड दिइरहेको छ।


अहिले यो सेवा युगमा, कुनै एक व्यक्ति वा थोरै व्यक्तिहरूको एक समूहले अनेक किसिमका सेवा (प्रविधि, ज्ञान, पद्धति आदि) बिक्री गरेर करोडौं कमाउन सक्ने स्थिति सृजना भएको छ। अहिले, यो सेवा युगमा अति धन आर्जन गर्न कृषि युगमा जस्तो हजारौं बिघा जमीनमा खेती गर्नुपर्ने स्थिति छैन। अहिले, यो सेवा युगमा अति धन आर्जन गर्न अनेक कारखाना सञ्चालन गरेर ठूलो मात्रामा वस्तु उत्पादन गर्नुपर्ने स्थिति छैन। यो सेवा युगमा फेसबूक, युट्युबल, अमेजन आदिले प्रविधि वा सेवा मात्र बिक्री गरेर करोडौं रुपियाँ कमाउन सकिने स्थिति सृजना गरिदिएको छ। यो युग 'स्मार्ट थिंकिङको युग हो, परिश्रमको युग होइन।

यो सेवा युगको सर्वाधिक ठूलो दुर्गुण के देखिएको छ भने बिक्रीका लागि बजारमा आउने वस्तुहरू उपभोक्ताहरूको आवश्यकता अनुसार कम, बिक्रेतालाई मुनाफा अत्यधिक हुनेगरी आइरहेका छन्। अर्को शब्दमा यस सेवा युगमा उत्पादकहरू त्यस्ता वस्तु उत्पादन गर्न बढी जोड दिइरहेका छन्, जसमा उनीहरूलाई बढी मुनाफा हुन्छ। बिक्रेताहरू पनि त्यस्ता वस्तु बिक्री गर्न बढी जोड दिइरहेका छन् जसको बिक्रीले बढी फाइदा हुन्छ। उपभोक्ता हितकारी वस्तु उत्पादन गर्ने कुरा गौण र उत्पादक तथा बिक्रेतालाई मुनाफा बढी हुने वस्तु उत्पादन गर्नु प्रमुख हुन पुगेको छ। सामान्य वाच (घडी) बिक्री गरेर उत्पादकहरूलाई धेरै फाइदा हुँदैन। तर 'स्मार्ट वाच' उत्पादन गरेर धेरै फाइदा हुने भएकोले अहिले ठूलो मात्रामा स्मार्ट वाच उत्पादन एवं बिक्री भइरहेको छ। स्मार्ट वाच के उपभोक्ताहरूको माग अनुसार बजारमा आएको हो, पक्कै होइन। स्मार्ट वाच नहुँदा पनि मानिसको समय हेर्ने आवश्यकता पूरा भएकै थियो। स्मार्ट वाच उत्पादकको फाइदाको लागि बजारमा आएको हो।

सेवा युगले केवल सीमित व्यक्ति, छोटो समयमा बुद्धि मात्रको भरमा, अत्यधिक धनी हुने अवस्था सृजना गरिदिएको छ। त्यति मात्र होइन, मुनाफालाई सर्वाधिक महत्त्व दिने गरेको छ। मानव कल्याणलाई महत्त्वहीन ठानेको छ। अहिले कुनै पनि कम्पनी वा व्यावसायिक संस्थाको सफलता त्यस संस्थाले गर्ने मुनाफाको आधारमा मापन गरिन्छ। कुनै कम्पनी वा व्यावसायिक संस्थाले मानव कल्याण अभिवृद्धि गर्न के कस्तो भूमिका खेल्यो भन्ने कुरा चासो वा जनसरोकारको विषय हुने गरेको छैन।

सेवा युगले छोटो समयमा अत्यधिक धन सृजना गर्न सजिलो र केही व्यक्तिहरू मात्र अत्यधिक धनी हुने स्थिति सृजना गर्ने भएकोले यस युगले कुनै एक देश मात्र होइन, संसारभरिका देशमा नै गरीब र धनीबीचको फरकलाई झनै ठूलो पार्ने स्थिति देखिएको छ। यो युगले गरीब वा विकासशील राष्ट्रहरूलाई मात्र होइन, धनी देशहरूलाई पनि सताउने छ। धनी देशहरूमा पनि यो सेवा युगले गरीब र धनीबीचको दूरी झन् फराकिलो पार्नेछ।

बाहिरबाट हेर्दा सेवा युग उन्नत युगको रूपमा देखिएको छ। ज्ञान, विज्ञान र प्रविधिको उच्च विकास भएको युगको रूपमा देखिएको छ। यस युगले मानव जीवनलाई अनेक सेवा र सुविधाले युक्त पारिदिएको देखिएको छ। तर भित्रबाट हेर्दा भने यो युगले ठूलो चुनौति वा समस्या खडा गरिदिएको छ। यस युगले निश्चय पनि गरीब र धनीबीचको दूरी झनै ठूलो पार्नेछ। बहुसङ्ख्यक व्यक्ति तुलनात्मक रूपमा झनै गरीब हुनेछन्। मानिसमा असन्तोष झनै बढ्ने छ।



**माछापालनः** दाङको घोराही उपमहानगरपालिका–१७ स्थित ओखराको कृत्रिम जलाशयमा स्थानीयवासीले माछापालन गर्न बनाएको पिंजडा प्रविधि। भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र दाङको करीब डेढ लाख र स्थानीय उपभोक्ताको ५० हजार गरेर दुई लाख रुपियाँ खर्च गरेर पोखरीमा पिंजडा निर्माण गरेर माछापालन गर्न थालिएको हो। तस्बिरः कुलदीप न्यौपाने/रासस

## नेपाल र कोरियाबीच टिआइपीएफ सम्झौता

काठमाडौं, ४ पुस/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र दक्षिण कोरियाका समकक्षी इनक्यो च्योङबीच द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धन फ्रेमवर्क (टिआइपिएफ) सम्झौतामा हस्ताक्षर भएको छ। गणतन्त्र दक्षिण कोरिया र नेपालको द्विपक्षीय सम्बन्ध स्थापित भएको ५० वर्ष पूरा भएका अवसरमा बिहीवार दक्षिण कोरियाको राजधानी सोलमा उक्त सम्झौतामा हस्ताक्षर गरिएको हो।





मन्त्री भण्डारीले टिआइपिएफ सम्झौताले दुई देशबीचको कूटनीतिक, सांस्कृतिक र आर्थिक सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास व्यक्त गरे। उनले नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताएको मन्त्री भण्डारीका स्वकीय सचिव आनन्द भट्टले जानकारी दिए।

उनका समकक्षी मन्त्री च्योङले दक्षिण कोरियाली कम्पनीहरूद्वारा नेपालमा जलविद्युत्, अटोमोबाइल एसेम्बललगायत क्षेत्रमा लगानी गरेको बताए। उनले टिआइपिएफ सम्झौताले दुई देशबीचको सम्बन्ध र आर्थिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने बताए। साथै विगतका सौहार्दपूर्ण सम्बन्धको स्मरण गर्दै दुई देश एकअर्काका सहयात्री बन्नुपर्नेमा जोड दिए।

नेपाल र कोरियाका निजी क्षेत्रका उद्योगी तथा व्यवसायीको सहभागिता रहेको उक्त कार्यक्रममा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको वातावरण र अवसरहरूबारे प्रस्तुतीकरण गरे।

यसैगरी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय द्विपक्षीय व्यापार महाशाखा प्रमुख तथा प्रवक्ता बाबुराम अधिकारीले नेपालको व्यापारसम्बन्धी विद्यमान नीति तथा सो सम्बन्धमा हाल भइरहेका सुधारका विषयमा प्रस्तुतीकरण गरे।

कोरिया–नेपाल बिजनेश फोरमको उक्त कार्यक्रममा नेपालको सरकारी पक्षबाट मन्त्रालय, लगानी बोर्ड, सोलस्थित नेपाली राजदूतावास र नेपालको निजी क्षेत्रका उद्योगी तथा व्यवसायीहरूका तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकालसहित करीब ३० जना उद्योगी–व्यवसायीको सहभागिता रहेको स्वकीय सचिव भट्टले जानकारी दिए।

## हेटौंडा औद्योगिक क्षेत्रमा १२७ वटा उद्योग सञ्चालन

मकवानपुर, ४ पुस/रासस

जिल्लाको हेटौंडा औद्योगिक क्षेत्रमा हाल दैनिक १२७ वटा विभिन्न प्रकारका उद्योग सञ्चालन भइरहेका छन्। तीमध्ये स्वदेशी उद्योगहरू मात्रै होइनन्, बहुराष्ट्रिय कम्पनीहरूसमेत रहेका छन्।

उक्त क्षेत्रमा स्थापना भएका प्रमुख उद्योगहरूमध्ये खाद्य उद्योग प्रालि, युनाइटेड ब्रुअरी प्रालि, नेपाल बिस्कुट कम्पनी, नेपाल साबुन उद्योग, पशुको आहार उत्पादन प्रशोधन उद्योग, नेपाल पोल उत्पादन प्रालि र काष्ठ फर्निचरलगायत छन्।

यसैगरी, उक्त औद्योगिक क्षेत्रमा गोरखालारी चुरोट उद्योग प्रालि, हेटौंडा दुग्ध वितरण आयोजना, नेपाल चियापत्ती उद्योग प्रालि, नेपाल खानेतेल उत्पादन उद्योग, नेपाल कार्टुन उद्योग प्रालि र नेपाल बोट्लर्स उद्योग प्रालि र नेपाल मदिरा उत्पादन उद्योग प्रालिसमेत रहेका छन्।

यस क्षेत्रमा विगत दुई दशक अघि स्थापना भएका पुराना छवटा उद्योग आर्थिक सङ्कटका साथै कच्चा पदार्थको अभावमा बन्द अवस्थामा छन्। नेपाल सेन्थेटिक कपडा उद्योग, नेपाल छाला उद्योग प्रालि, नेपाल लाइभस्टक प्रालि, नेपाल वनस्पति घ्यू, नेपाल पोलिथिन प्लास्टिक प्रालि र नेपाल दाना उद्योग प्रालि बन्द रहेका हेटौंडा औद्योगिक क्षेत्रले जनाएको छ। नेपाल सरकारको स्वामित्वमा सञ्चालित हेटौंडा कपडा उद्योग पनि विसं २०५८ देखि बन्द छ। उक्त औद्योगिक क्षेत्रमा अहिले बहुराष्ट्रिय कम्पनीसहित १२ वटा उद्योग निर्माणाधीन अवस्थामा रहेका र आगामी दुई वर्षभित्र ती उद्योगहरूले उत्पादन शुरू गर्ने लक्ष्यसहित निर्माण कार्यलाई तीव्रता दिएको औद्योगिक क्षेत्रका वरिष्ठ अधिकृत रमेशकुमार नेपालले जानकारी दिए।

औद्योगिक क्षेत्रमा हाल सञ्चालनमा रहेका विभिन्न उद्योगबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी करीब १५ हजार व्यक्तिले रोजगारको अवसर प्राप्त गरेका छन्। विसं २०२० मङ्सिर २० गते अमेरिकी सरकारको आर्थिक अनुदान र प्राविधिक सहयोगमा तत्कालीन श्री ५ को सरकारले यहाँ हेटौंडा औद्योगिक क्षेत्र स्थापना गरेको थियो।

औद्योगिक क्षेत्र स्थापनाका क्रममा तीन हजार २२८ रोपनी जग्गा, हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापनलाई हस्तान्तरण गरिएको थियो। हाल औद्योगिक क्षेत्रमा विभिन्न उद्योगको स्थापनाका क्रममा एक हजार ९६१ रोपनी जग्गा सम्बन्धित उद्योगका व्यवस्थापकलाई वितरण गरी उद्योग सञ्चालन भइरहेका नेपालले जानकारी दिए। बाँकी रहेको एक हजार चार सय रोपनी जग्गा जगेडामा राखिएको छ।

विभिन्न उद्योगका अतिरिक्त औद्योगिक क्षेत्र परिसरमा हाल इलाका प्रहरी कार्यालय, नेपाल बैंक सिटी अफिस, सशस्त्र प्रहरी बेस क्याम्प, प्रदेश खाद्य तथा गुण नियन्त्रण कार्यालय, प्रदेश माटो परीक्षण कार्यालय, हेटौंडा वितरण आयोजना र प्रदेश कृषि बीउबिजन कार्यालय सञ्चालन भइरहेका छन्।

औद्योगिक क्षेत्रकी प्रबन्धक सङ्गीता कुँवरले यहाँ विगत केही वर्षदेखि सशस्त्र प्रहरी बेस क्याम्प स्थापना गरी सुरक्षा पुऱ्याइएको भएपनि औद्योगिक

(बाँकी पाँचौं पातामा)

# समृद्धिका लागि उत्पादनमुखी अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**समृद्ध मुलुक निर्माणका लागि आयात प्रतिस्थापन गर्ने विभिन्न खालका उद्योग सञ्चालन गरी उत्पादन बढाउँदै लैजानुपर्छ। उत्पादन नबढाई आम्दानी हुने कुरै भएन। आम्दानी नबढी समृद्धि सम्भव छैन। वस्तुहरूको आन्तरिक बिक्री र निर्यातबाट राज्यको कर तथा राजस्वमा वृद्धि हुन्छ।**

नेपालमा केही वर्षदेखि अर्थतन्त्रमा शिथिलता देखिएको छ। पछिल्लो केही वर्ष यता न ऋण प्रवाह बढेको छ, न उत्पादनशील क्षेत्रमा लगानी बढेर रोजगार सिर्जना भएको छ तर पनि बैंकमा तरलता बढेको अवस्था छ।

अनौपचारिक अर्थतन्त्रको दबदबा बढिरहेको र लगानी गरेर लिनुपर्ने जोखिम र हैरानीभन्दा खुला सीमाबाट अनौपचारिक व्यापार गर्दा कम हैरानी र बढी आम्दानी हुने देखिएकोले उद्योगपतिहरू पनि व्यापारीमा परिणत हुन थालेका छन्। मुलुकमा बढ्दो अनधिकृत व्यापारका कारण निर्धारित भन्सार राजस्व सङ्कलन हुन सकेको छैन। अधिकांश नागरिकसँग खर्चयोग्य आयको अभावका कारण कर घटे तापनि ऋण लिने क्षमतामा वृद्धि हुन सकेको छैन। आर्थिक शिथिलता लम्बिएर उच्च मूल्य वृद्धि कायम रहेकोले पनि कर घटाउँदैमा ऋणको माग बढ्न नसकेको हुन सक्छ। अनुत्पादनशील लगानीले प्रतिफल नदिएकोले र पहिले लिएका ऋणको भारी अझै बाँकी रहँदा ब्याज घटे पनि ऋण थप्ने सामर्थ्य अधिकांश नागरिकसँग छैन।

सरकारले यस्ता समस्या निराकरणका लागि गुणस्तरयुक्त मौद्रिक नीति कार्यान्वयनमा ल्याए पनि यसले मुद्रास्फीति नियन्त्रण हुन सकेको छैन। सामान्यतया सर्वसाधारणले उपभोग गर्ने वस्तु तथा सेवाको औसत मूल्यस्तरमा निरन्तर हुने मूल्यवृद्धिको अवस्था नै मुद्रास्फीति हो। सामान्य भाषामा भन्नुपर्दा वस्तुको मूल्य बढ्नु र पैसाको क्रयशक्ति घट्नु नै मुद्रास्फीति हो। यस्तो अवस्थामा वस्तु महँगो पर्ने भएकोले थोरै सामानका लागि पनि धेरै पैसा खर्च गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। मुद्रास्फीतिको अवस्था त्यति बेला मात्र सिर्जना हुन्छ, जतिबेला उत्पादनको तुलनामा मौद्रिक आम्दानी (प्रवाह) वृद्धिदर बढी हुन्छ। मुद्रास्फीति उच्च भएमा उपभोक्ताको क्रय क्षमतामा कमी आउने भएकोले सीमित आय भएका लगानीकर्ताले ठूलो जोखिम लिन चाहँदैनन्। धेरै आम्दानी गरेका लगानीकर्ता पनि मुद्रास्फीतिको अवस्थामा लगानी गर्न उत्साहित हुँदैनन्। यस्तो अवस्थामा मुद्राको मूल्य कम हुँदै जाने भएकोले बचत गरेको मुद्राको मूल्यमा ह्रास आउँछ। यसले मानिसहरू बचत गर्न प्रोत्साहित नहुन सक्छन्।

सामान्यतया मुद्रास्फीति उच्च हुँदा ब्याजदर पनि उच्च हुन्छ र कम हुँदा ब्याजदर पनि कम हुन्छ। तसर्थ, मुद्रास्फीतिको अवस्थामा लगानीकर्ता अपुग लगानीका स्रोत खोज्न वा नयाँ लगानी गर्न उत्साहित हुँदैनन्। सरकारको मौद्रिक नीतिलाई अप्रभावकारी बनाउने अर्को महत्त्वपूर्ण कारण हो, आयातमा उच्च निर्भरता र विश्व बजारमा भइरहेको वस्तुको मूल्यवृद्धि। यस्तो अवस्थामा आन्तरिक र बाह्य क्षेत्रमा उत्पन्न भइरहने विविध कारकहरूको मूल्याङ्कन गरी मौद्रिक नीतिलाई वित्तीय नीतिसँग एकीकृत गर्नुपर्ने आवश्यकता हुन्छ। माग घटेर ऋणको प्रवाह न्यून भई लगानी हुन नसकेको अवस्थामा नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीतिद्वारा प्रचुर मात्रामा अर्थतन्त्रमा मुद्राको आपूर्ति बढाएमा बैंकमा पैसा थुप्रिन्छ। तर अहिले खुकुलो मौद्रिक नीतिले राष्ट्र बैंकले मुद्राको आपूर्ति बढाएको छैन। नेपाल राष्ट्र बैंकले सन् २०२३/०२४ को मौद्रिक नीतिमा नेपालको मौद्रिक नीति अनुकूलित (एकोमोडेटिभ) प्रकृतिको हुनेछ भनेको छ। कुनै-कुनै अवस्थामा तरलता प्रचुर भएर पनि ऋण प्रवाह नबढ्ने र लगानी वृद्धि पनि हुन नसक्ने विरोधाभास अहिले देखिएको छ।

प्राप्त विभिन्न तथ्याङ्कले मुलुकमा गरीबी घटेको देखिए पनि आर्थिक असमानता अझ बढेको देखिन्छ। रेमिट्यान्स सोचेभन्दा बढी वृद्धि भइराखेको छ। त्यसैले रेमिट्यान्स प्राप्त गर्ने र नगर्ने घर-परिवारबीचमा असमानता बढेको देखिएको छ। भनिन्छ, जुन समाजमा धनी र गरीबलाई एकै किसिमको करको दर लागू हुन्छ, त्यहाँ धनीलाई गुन लगाए सरह हुन्छ र गरीब मर्कामा पर्छन्। यस्तो अवस्थामा आम्दानी र सम्पत्तिको पुनर्वितरण प्रायः असम्भव हुन्छ, जसले गर्दा असमानता बढ्छ। मुलुकमा मध्यमस्तर परिवारको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारबीच कुनै सम्बन्ध देखिँदैन। यसो हुनुका प्रमुख कारण विशेष गरेर बढी रोजगार प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो।

मुलुकमा एक प्रतिशत जिडिपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगार वृद्धि भएको तथ्याङ्क छ। यो उत्साहजनक हो तर, योगदान दिने प्रचुर सम्भावना भएका कृषिलगायत अन्य क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्नेमा त्यसो हुन सकेको छैन। कृषि क्षेत्रको उत्पादन बढाउन वैज्ञानिक भूमि व्यवस्थापन, पर्याप्त सिंचाइ सुविधा, मलखादको उचित र प्रभावकारी व्यवस्थापन, आधुनिक प्रविधि, कृषि सामग्रीको सहज उपलब्धता, अनुदान तथा सुविधा आदिमा ध्यान दिनुपर्ने देखिन्छ। आन्तरिकरूपमा कृषि उत्पादन बढाउन कृषि क्षेत्रको व्यवसायीकरणमा जोड दिनुका साथै कृषिमा आश्रित अर्थतन्त्रलाई क्रमशः कृषिजन्य वस्तुमा आधारित उद्योगीकरण उन्मुख बनाउन आवश्यक ऊर्जा, पूर्वाधार, विद्युतीय प्रविधि, यातायात, सञ्चार आदिको विकासमा विशेष जोड दिनुपर्ने देखिन्छ। भौतिक पूर्वाधारको सुविधा नपुगेका र बजार विकासको न्यूनता रहेका दुर्गम भेगमा सरकारी संयन्त्रमार्फत सहुलियतपूर्ण आपूर्ति व्यवस्था मिलाउन सार्वजनिक संस्थानहरूलाई सुदृढ गरी वितरण प्रणाली प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

मुलुकमा करीब ६ लाख व्यक्ति प्रत्येक वर्ष रोजगार खोज्दै श्रम बजारमा भौंतारिएका हुन्छन् तर काम गर्न सक्ने युवायुवतीको सङ्ख्या र यिनीहरूलाई उपलब्ध गराइने रोजगारबीच कुनै तारतम्य मिलेको देखिन्न। अझ भन्नुपर्दा रोजगार उपलब्धता र श्रम प्रदान गर्ने व्यक्तिको सङ्ख्या र उनीहरूले रोजेका क्षेत्रबीच सरकारसँग नीतिगत स्पष्टता नै छैन। प्राथमिकताका क्षेत्र समेट्न नसकेकोले एक प्रतिशत जिडिपी वृद्धि हुँदा ०.०४५ प्रतिशत रोजगार उपलब्ध भएको तथ्याङ्क छ। यसलाई नगण्य नै मान्नुपर्छ। मुलुकमा बढ्दो बेरोजगारी र मुद्रास्फीतिलाई सम्बोधन गर्ने खालका प्रभावकारी कार्ययोजना बनाउनेतर्फ कुनै पनि राजनीतिक दल गम्भीर हुन सकेका छैनन्, न कुनै प्रतिबद्धता नै व्यक्त गरेका छन्। यो नेपाली नागरिक र मुलुकका लागि अत्यन्तै दुर्भाग्यपूर्ण अवस्था हो। ऋण र लगानीलाई प्रभाव पार्ने नीतिगत परिवर्तनमा कमसेकम निजी क्षेत्रको सहभागितालाई नियमित गराउन सके आर्थिक गतिविधिमा वृद्धि भई सरकार र निजी क्षेत्रबीच रहेको नीतिगत अनिश्चितता र अविश्वासको खाडल पुरिन्थ्यो होला। अब निजी क्षेत्रलाई विश्वासमा नलिई आर्थिक विकास सम्भव देखिँदैन। तीन 'पी' को अवधारणा बमोजिम सरकार-निजी क्षेत्र-साझेदारी (पिपिपी) सुदृढ गर्न ठोस कानून र सशक्त नियामक प्रणाली बनाएर यसका सबलीकरणका लागि दुवै पक्षबीच पारदर्शी र जोखिम साझेदारी प्रणाली विकसित गर्न सक्नुपर्दछ। सहयोगी वातावरण सिर्जना गर्न सरकारी कर्मचारीलाई पिपिपी प्रक्रिया तथा परियोजना व्यवस्थापनका लागि प्रशिक्षण दिन सक्नुपर्दछ।

आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको, विशेषगरी भौतिक पूर्वाधार निर्माण गर्न, निजी क्षेत्रको लगानी आवश्यक छ। यसको लागि वित्तीय प्रोत्साहन र नीतिगत कुरामा निश्चितता आवश्यक छ। अहिले नेपालमा बृहत्तर आर्थिक परिसूचकले ल्याएको चुनौती, मूल्य वृद्धि र व्यापार घाटाले गर्दा लगानीकर्ताले मागमा सतर्कता अपनाएको देखिन्छ। रेमिट्यान्सले वित्तीय क्षेत्रलाई बलियो बनाएर ऋणको माग पनि नभएको र लगानीको सम्भावना पनि नभएर बैंकमा तरलता बढेको हो। नीतिगत तथा अर्थतन्त्रमा लामो समयसम्म सुधार हुन नसक्दा निक्षेपकर्ताको बचत बाहिरिने त्रासले बैंकले ऋण दिन आनाकानी गरिरहेको अवस्था छ। अर्को कारण भनेको सरकारले विनियोजित बजेट खर्च गर्न नसक्नु हो।

वास्तवमा समृद्ध मुलुक निर्माणका लागि आयात प्रतिस्थापन गर्ने विभिन्न खालका उद्योग सञ्चालन गरी उत्पादन बढाउँदै लैजानुपर्छ। उत्पादन नबढाई आम्दानी हुने कुरै भएन। आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन। ती उत्पादित वस्तुहरूको आन्तरिक बजारमा बिक्री वितरण र यसको निर्यातबाट राज्यको कर तथा राजस्वमा वृद्धि हुन्छ। फलस्वरूप विदेशी मुद्रा आर्जन तथा सञ्चिति, रोजगार सिर्जना र जनताको आम्दानीमा अभिवृद्धि भई देशको आर्थिक विकासमा सहयोग पुग्छ। त्यसैले अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि यसको संरचनात्मक सुधार गर्नुपर्ने देखिन्छ। यसका लागि आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सृजना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने सरकारको रणनीति हुनुपर्छ।



**सुन्तलाको व्यापारः** नुवाकोटको म्याङ्ग गाउँपालिका-२ बुङ्ताङका किसान छेप्पन तामाङले उत्पादन गरेको सुन्तला बजार लैजाने तयारी गर्दै। यहाँको उत्पादन गुणस्तरीय हुने हुँदा माग अनुसार उक्त सुन्तला पोखरा लैजान लागिएको उनले जानकारी दिए। तस्बिरः रामहरि न्यौपाने/रासस



**हाँसपालनः** शुक्लाफाँटा नगरपालिका-७ जुडाका स्थानीय किसान घरमा पालिएका हाँसलाई चराउनका लागि लैजाँदै। हाँसपालन गरी यहाँका किसानले राम्रो आम्दानी गर्दै आएका छन्। तस्बिरः राजेन्द्रप्रसाद पने/रासस

## विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशकसँग छलफल

काठमाडौं, ४ पुस/रासस

ऊर्जा, जलस्रोत तथा सिचाइमन्त्री दीपक खड्काले नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशकसाग छलफल गर्नुभएको छ। उहााले ऊर्जा क्षेत्रको विकासका लागि सरकारले राखेको लक्ष्य पूरा गर्न आज मन्त्रालयमा प्राधिकरणको नेतृत्वमा रहेर लामो समय कार्यअनुभवमा रहेका पूर्वकार्यकारी निर्देशकसाग छलफल गर्नुभएको हो।

छलफलमा मन्त्री खड्काले सुक्खा याममा भारतबाट विद्युत् आयात गर्नुपर्ने र भारतीय विद्युतप्रति भर पर्नुपर्ने कारण तथा यसको समाधानका विषयमाथि विज्ञहरुको राय लिनुभएको थियो। उहााले विद्युत् चुहावट नियन्त्रण, विद्युत् बक्यौता असुली तथा प्राधिकरणको सुधार र सवलीकरणका लागि के गर्न सकिन्छ भन्ने विषयमा रायसुझाव माग्नुभएको थियो।

मन्त्रालयका सचिव सुरेश आचार्यले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि अहिले भइरहेका प्रयासका बारेमा जानकारी गराउादै आगामी दिनमा गर्न सकिने विकासका कार्यका बारेमा सुझाव माग गर्नुभएको थियो। छलफलमा प्राधिकरणका पूर्वकार्यकारी निर्देशक डा मुकेशराज का□लेले पछिल्लो समय ऊर्जा क्षेत्रको विकासका लागि सरकारले चालेको कदम सकारात्मक रहेको बताउनुभयो।

छलफलमा सहभागी प्राधिकरणका पूर्वकार्यकारी निर्देशकहरुले सरकारले सन् २०३५ सम्म २८ हजार पााच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेकाले उक्त लक्ष्यलाई पूरा गर्नका लागि जलाशययुक्त आयोजना कार्यान्वयनमा लैजान जोड दिनुभएको थियो। उहााहरुले नेपालको ऊर्जा क्षेत्रको विकास जुन गतिमा हुनुपर्ने हो त्यो हुन नसकेको बताउनुभएको थियो।

उक्त छलफल कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिचाइ राज्यमन्त्री पूर्णबहादुर (कान्छाराम) तामाङ, नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हितेन□ शाक्य, उत्तरकुमार श्रेष्ठ, रामेश्वर यादव, हरिशचन□ शाहलगायत मन्त्रालयका उच्चपदस्थ कर्मचारीको सहभागिता थियो।

## चिकित्सकहरुको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरज कुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज


### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# काश्मीरमा विद्रोहीसँग भारतीय सेनाको भिडन्त, पाँचजनाको मृत्यु



काश्मीरमा आतङ्कवादीको खोजी गर्दै भारतीय सेना। तस्वीरः एएफपी

श्रीनगर, ४ पुस/एएफपी

भारतीय सुरक्षा बलले बिहीवार काश्मीरमा जारी झडपमा कम्तीमा पाँचजना संदिग्ध बन्दुकधारीको हत्या गरेको भारतीय सेनाले जनाएको छ।

सन् १९४७ मा ब्रिटिश शासनको अन्त्यमा विभाजन भएदेखि नै काश्मीर आणविक शक्तिसम्पन्न प्रतिद्वन्द्वी भारत र पाकिस्तानबीच विभाजित छ र दुवै देशले यस क्षेत्रमा पूर्णरूपमा दाबी गर्दै आएका छन्।

भारतीय सेनाको चिनार कोरले कारबाईमा पाँच 'आतङ्ककारी'को सुरक्षा बलको गोली लागी मृत्यु भएको र दुईजना सैनिक घाइते भएको जनाएको छ।

सुदूर उत्तरी क्षेत्रमा ५० लाख भारतीय सेना तैनाथ छन्, जुन ३५ वर्ष लामो विद्रोहसँग लडिरहेको छ, जसमा १०औं हजार नागरिक, सैनिक र विद्रोही मारिएका छन्। उक्त क्षेत्रमा यो वर्ष पनि कम्तीमा १२० जना मारिएका छन्।

विद्रोही समूहहरूले काश्मीर क्षेत्रको स्वतन्त्रताको माग गर्छन् वा यस क्षेत्रलाई पाकिस्तानमा गाभ्न चाहन्छन्।

नयाँ दिल्लीले पाकिस्तानलाई नियमितरूपमा लडाकूहरूलाई हतियार प्रदान गरेको र उनीहरूलाई आक्रमण गर्न मदत गरेको आरोप लगाउँदै आएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले सन् २०१९ मा उक्त क्षेत्रको आंशिक स्वायत्तता खारेज गर्दै यस क्षेत्रलाई आफ्नो प्रत्यक्ष शासन अन्तर्गत ल्याएको थियो।

करीब एक करोड २० लाख जनसङ्ख्या रहेको यस क्षेत्रमा नयाँ दिल्लीले नियुक्त गरेको गभर्नरको नेतृत्वमा प्रशासनिक काम हुने गरेको छ। रासस

# मलेशियाका पूर्वप्रमकी पत्नीलाई एक दर्जनभन्दा बढी आरोपमा सफाइ

क्वालालम्पुर, ४ पुस/एएफपी

मलेशियाका पूर्वप्रधानमन्त्री नजिब रजाककी पत्नीविरुद्ध दायर गरिएको एक दर्जनभन्दा बढी सम्पत्ति शुद्धीकरण तथा कर छलीको अभियोगलाई मलेशियाको एक अदालतले बिहीवार खारेज गरिदिएको छ।

७३ वर्षीया रोसमाह मन्सोरमाथि सन् २०१३ को डिसेम्बर ४ देखि सन् २०१७ को जून ८ को बीचमा ७१ लाख रिङ्गिट (झन्डै १६ लाख अमेरिकी डलर)सहित सम्पत्ति शुद्धीकरणसम्बन्धी एक दर्जनभन्दा बढी आरोप लगाइएको थियो।

उच्च अदालतका न्यायाधीश के मुनिआन्डीले सबै १७ वटा आरोपमा 'सत्यता, औचित्यता र वैधानिकताको अभाव' भएको भन्दै खारेज गर्दै 'सफाइ'को आदेश दिएको एएफपीलाई प्राप्त भएको निर्णयको प्रतिलिपिमा उल्लेख छ।

महान्यायाधिवक्ताको कार्यालयले उक्त निर्णयविरुद्ध अपील गर्ने बताएको मलेशियाली सञ्चारमाध्यमले जनाएका छन्।

सन् २०२२ को सेप्टेम्बरमा भ्रष्टाचारको अभियोगमा रोसमाहलाई १० वर्षको जेल सजाय सुनाइएको थियो तर उनले उक्त सजायविरुद्ध अपील गरी जमानतमा छुटेकी थिइन्।

उनीविरुद्ध आफ्नो पतिको शासनकालमा बोर्नियो टापुको मलेशियाली भागमा ग्रामीण विद्यालयहरूको लागि सौर्य ऊर्जा परियोजना सुरक्षित गर्न सहयोग पुऱ्याएको भन्दै एक कम्पनीसँग घूस लिएको आरोप लगाइएको थियो।

रोसमाहको महँगा ह्यान्डब्याग, लुगाफाटा र गहनाको विशाल सङ्ग्रहको लागि मलेशियालीहरूले लामो समयदेखि आलोचना गर्दै आएका छन्।

सन् २०१८ को चुनावमा पतिको पराजयपछि उनको घरमा प्रहरीले छापा मारेपछि उनका विलासिताका सङ्ग्रहबारे चर्चा भएको थियो।

उनलाई विलासी जीवनका लागि फिलिपिन्सकी पूर्व प्रथम महिला इमेल्डा मार्कोससँग तुलना गरिएको थियो र सत्ताच्युत गरिएका पूर्वप्रधानमन्त्रीको सत्ताले आर्थिकरूपमा सङ्घर्षरत र मध्यमवर्गीय मलेशियालीहरूसँग सम्पर्क गुमाएको आरोप लगाइएको थियो।

नजिब सार्वभौम सम्पत्ति कोष वनएमडिबीमा भएको ठूलो आर्थिक घोटालासँग सम्बन्धित भ्रष्टाचारको आरोपमा छ वर्षको जेलसजाय काटिरहेका छन्। उनले नजरबन्दमा बाँकी सजाय भुक्तान गर्न अपील दायर गरेका छन् र जनवरी ६ का लागि सुनवाइ तय गरिएको छ।

बन्द अवस्थामा रहेको सरकारी कम्पनीबाट अर्बौं डलर हिनामिना भएको भनिएको वनएमडिबी प्रकरणले उनीविरुद्ध संयुक्त राज्य अमेरिका, स्वीट्जरल्याान्ड र सिङ्गापुरमा अनुसन्धान शुरू गरेको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष — कार्यनाश | वृष — उदरपीडा |
| मिथुन — विजय | कर्कट — धनक्षति |
| सिंह — भाग्योदय | कन्या — बेचैनी |
| तुला — मनोरञ्जन | वृश्चिक — कर्मप्राप्ति |
| धनु — ईश्वरभक्ति | मकर — वादविवाद |
| कुम्भ — यात्रालाभ | मीन — कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# गाजामा युद्धविराम हुने

न्युयोर्क, ४ पुस/एएफपी

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गाजामा इजरायल र हमासबीच युद्धविराम हुने कुरामा आफू आशावादी रहेको बताएका छन्।

विदेशमन्त्री ब्लिन्केनले प्यालेस्टिनी भूमिमा १४ महीनादेखि जारी क्रूर युद्ध अन्त्य गर्ने आफ्नो सरकारको पटकपटक प्रयास विफल भएको भन्दै युद्धविरामले गाजामा स्थायी शान्ति वातावरण बनाउने कुरामा भने उनी विश्वस्त देखिएनन्।

जनवरी २० मा कार्यकाल पूरा हुने ब्लिन्केनले भने–"हेर्नुस्, म आशावादी छु। तपाई पनि हुनुपर्छ"–उनले भने–"हामीले जिम्मेवारीबाट बिदा लिनु अघि युद्ध विरामका लागि प्रत्येक हप्ता हरेक दिन, हरेक पल प्रयोग गर्नेछौं।" रासस








**क्यामिन कालिका मन्दिरः** तनहुँको व्यास नगरपालिका–८ स्थित क्यामिन कालिका मन्दिर। यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउन स्थानीयवासी लागेका छन्। तस्बिर : कृष्ण न्यौपाने/रासस

# छुवाछूतबारे बनेका कानून कडाइका साथ लागू गर्नुपर्छ –मन्त्री गुप्ता

काठमाडौं, ४ पुस/रासस

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले दलित समुदायको अधिकार सुनिश्चित गर्न र छुवाछूत तथा विभेद अन्त्य गर्न यससम्बन्धी बनेका कानून कडाइका साथ लागू गर्नुपर्ने बताएका छन्।

राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा 'दलित समुदायको अधिकार तथा विकास र कानूनी व्यवस्थाको आवश्यकता सम्बन्धमा' भएको छलफलमा मन्त्री गुप्ताले समाजमा छुवाछूतका घटनामा कुनै कमी नदेखिएकाले कानून कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए।

उनले भने, "समाजमा अझै छुवाछूतका घटना छन्। यसको अन्त्य गर्न कानून कार्यान्वयन हुनुपर्छ। सचेतनामूलक कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्छ। यो मस्यौदा अघि बढोस्, मन्त्रालयले सहजीकरण गर्छ।"

समितिकी सभापति कमलादेवी पन्तले दलितका सवालमा राज्य संवेदनशील बन्नुपर्ने बताइन्। "सामाजिक न्याय दिगो विकासको एक लक्ष्य हो। त्यो पूरा गर्न यसमा वकालत जरुरी छ। यो विधेयक हिउँदे अधिवेशनमा पेश गर्ने हाम्रो लक्ष्य छ," उनले भनिन्।

समितिकी सदस्य सांसद उर्मिला अर्यालले व्यवहारमा परिवर्तन नै आउन नसकेको बताइन्। उनले भनिन्, "देशभरिको दलित समुदाय सङ्गठित



हुनुपर्छ। छुवाछूत गर्नेलाई जरिवाना तथा कारबाही गर्नैपर्छ।"

सांसद तुलप्रसाद विश्वकर्माले सामाजिक रूपान्तरण भयो भने विभेद आफैं हटेर जाने बताए। "सामाजिक रूपान्तरणका लागि के गर्न सकिन्छ भनेर सबैले सोच्नुपर्छ," उनले भने।

सांसद नारायणदत्त भट्टले विभेद अन्त्य गर्ने भनिए पनि भनाइ र गराइमा तालमेल छ वा छैन भनेर आफैंलाई प्रश्न गर्नुपर्ने बताए। बैठकमा दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा सङ्कल्प प्रस्ताव कार्यान्वयन अनुगमन उपसमितिबाट समिति समक्ष पेश भएको प्रतिवेदन सुझावसहित राष्ट्रियसभामा छलफलका लागि पेश गर्ने र सङ्घीय मामिला तथा प्रशासन मन्त्रालयलाई दलितका अधिकार तथा विकासका सम्बन्धमा विधेयक संसद्मा पेश गर्न आवश्यक गृहकार्य अघि बढाउन निर्देशन दिने सभापति पन्तले जानकारी दिइन्।

प्रतिवेदनले दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न विधेयक मस्यौदा गरी सरकारले यथाशीघ्र संसद्मा पेश गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ।

# चलचित्र 'द्रौपदी' चैतमा



तस्वीरः एजेन्सी

काठमाडौं, ४ पुस/रासस

केन्द्रीय चलचित्र जाँच समितिका सदस्य ऋषि आचार्यको निर्देशनमा तयार भएको चलचित्र 'द्रौपदी' आउँदो चैतमा प्रदर्शन हुने भएको छ।

निर्देशक आचार्यले डोल्पाको शे–फोक्सुन्डोलगायत विभिन्न रमणीय स्थलहरूमा छायाङ्कन गरिएको जानकारी दिए। उनले भने, "यो नाम धार्मिक सुनिए पनि यो महाभारतको पात्र नभई हाम्रो गाउँ र परिवेशकै एक महिला पात्रको कथा हो। यसमा हाम्रो कथासँगै हाम्रै रमणीय र पर्यटकीय स्थललाई देख्न पाउनुहुनेछ।"

निर्देशक आचार्यले नेपालीपन भएको आभास गराउने 'द्रौपदी' एक पृथक कथा रहेको बताए। यस चलचित्रमा आश्विनी शाही, रवि ओड, जेल्सन अधिकारी, सुजाता तिमल्सिनाका साथमा निर्देशक आचार्यको पनि अभिनय रहेको छ।

आरवी मुभिजको ब्यानरमा निर्माण भएको चलचित्रमा सौरभ शर्मा बस्यालले पार्श्व सङ्गीत, अनिल महर्जनले सम्भायन र मोहनकुमार झिल्लुले छायाङ्कन गरेका छन्।

## हेटौंडा ...

क्षेत्रभित्रको चारैतिरको सिमाना क्षेत्रमा तारबारको व्यवस्था नहुँदा स्रोतसाधन सुरक्षामा निकै कठिनाइ भएको बताइन्। यसका साथै औद्योगिक क्षेत्रमा अन्य भौतिक संरचना निर्माणका लागि आवश्यक बजेट उपलब्ध नहुँदा थप उद्योग सञ्चालनका लागि समस्या भएको उनको भनाइ छ।

यहाँ कतिपय उद्योगीले उद्योग स्थापना गर्ने भनी विगत केही वर्षदेखि जग्गा सम्झौता गरी लिएका छन् तर हालसम्म त्यसको उपयोग हुन सकेको छैन। अब यस विषयमा पनि उच्च तहबाटै आवश्यक निर्णय गरी कामकारबाई गर्न आग्रह गरिएको प्रबन्धक कुँवरले बताइन्। "जग्गा सम्झौता भएको तर हालसम्म उद्योग सञ्चालनका लागि कुनै संरचना बनेका छैनन्। जग्गा रोक्का गर्ने काम मात्रै भएको छ। यसको उपयोगका विषयमा पनि कुरा भएको छ। साथै सम्बन्धित उद्योग व्यवस्थापकबाट जग्गा फिर्ता लिने प्रक्रिया पनि अगाडि बढाइएको छ," उनले भनिन्।

# वीरगंज-१९ विन्ध्यवासिनी टोलमा सडक निर्माण शुरू

प्रस, वीरगंज, ४ पुस/

वीरगंज महानगरपालिका-१९ विन्ध्यवासिनी टोल हुँदै नहर निस्कने बाटो निर्माणका लागि सडक क्षेत्रको जग्गा छुटयाइएको छ । आगामी बुधवारबाट महानगरपालिकाले सडक निर्माण हुने क्षेत्रको जग्गा नापजाँच गरेर छुटयाएको छ ।

६५० मिटर लामो नालासहित कालोपत्र सडक निर्माणको लागि शमा/विनोद साह जेभी निर्माण कम्पनीले रु ११ करोड ४५ लाखमा ठेक्का सकार गरेको छ ।

सडक निर्माणका लागि साइट क्लियरेन्स गर्न महानगरपालिकाको सार्वजनिक सम्पत्ति अतिक्रमण नियन्त्रण समितिका संयोजकसमेत रहेका वडाध्यक्ष प्रदीप चौरसियाको नेतृत्वमा अमीनसहितको टोली खटेको थियो । वडा नं १९ का अध्यक्ष मुकेश चौरसियाको रोहबरमा नक्शा अनुसार सडकका दुवै




किनारातर्फको क्षेत्र छुटयाइएको टोलीमा खटिएका महानगर प्रमुखका सचिवालय सल्लाहकार हरि पोखरेलले बताएका छन् ।

सडकको काम चाँडो टुङ्गो लगाउन सार्वजनिक अतिक्रमण नियन्त्रण समिति टोलीसहित सडक अतिक्रमण हटाउन विन्ध्यवासिनी पुगेको थियो । अतिक्रमण हटाएर सीमा क्षेत्र छुटयाएसँगै निर्माण कम्पनीले निर्माण सामग्री झारेर निर्माण कार्य शुरू गरेको छ ।




## नेरेसोको कार्यशाला

प्रस, वीरगंज, ४ पुस/रासस

राष्ट्रिय सोसाइटी विकास कार्ययोजनाको दुई दिने स्थानीयकरण कार्यशाला महोत्तरीको बर्दिवासमा सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी मधेस प्रदेश अन्तर्गतका आठ जिल्ला शाखाहरूको सहभागितामा पुस ३-४ गते नेरेसो मधेस प्रदेशको आयोजनामा कार्यशाला सम्पन्न भएको हो ।

कार्यशालामा जिल्ला शाखाको क्षमता विकासका लागि दुई वर्षे कार्ययोजना तयार गरिएको छ ।

कार्यशालामा नेरेसोका कानूनी सल्लाहकार विजय दाहाल, सङ्गठन विकास विभागका वरिष्ठ अधिकृत नारायण लामिछाने, राष्ट्रिय सोसाइटी विकासका उपनिर्देशक सरस्वती न्यौपाने, मधेस प्रदेशका फूलमहम्मद मियाँ, वीरगंज शाखाका प्रमुख वीरशम्शेर कुर्मीलगायतको सहभागिता थियो ।


कार्यक्रमको सहजीकरण राष्ट्रिय सोसाइटी विकासका संयोजक एवं उपनिर्देशक रुद्रनारायण अधिकारीले गरेका थिए ।

## जथाभावी औषधिको प्रयोग नगरौं

**जथाभावी औषधिको प्रयोगले स्वास्थ्यमा गम्भीर समस्या देखिन सक्छ । त्यसैले,**

- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिसेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकी रहेका पुराना औषधि नखाऔं,
- अरूलाई सन्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधिको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायोटिकको सेवन नगरौं,
- एन्टिबायोटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पूरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधिलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपक्षीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## आगलागीमा १० लाखको क्षति

महोत्तरी, ४ पुस/रासस

विद्युत् सर्ट भई आगलागी हुँदा औरही नगरपालिका-१ स्थित औरही बजारमा रु १० लाख बढीको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

फूलोदेवी मण्डल र खुर्शिद लहेरीको शृङ्गार सामग्री पसलमा बुधवार राति विद्युत् सर्ट भई आगलागी भएको थियो ।

इलाका प्रहरी कार्यालय, गौशालाका अनुसार मण्डलको काठको कठघरा र लहेरीको कच्ची इँटाको पसल घरमा आगलागी भएको हो । गत मङ्सिरमा बर्दिबास-१४ स्थित इलेक्ट्रिक पसलमा आगलागी हुँदा एक करोड बढीको धनमाल क्षति भएको थियो ।

## ३० महीनादेखि ...

गर्ने चेतावनीसमेतको भिडियो सामाजिक सञ्जालमा भाइरल गराएको थियो । त्यसपछि वास्तविक जग्गाधनी मीडियामा आएर मुख खोलेका हुन् ।

मदन प्रसादले २०६८ सालभन्दा अगाडि घरायसी प्रयोजनका लागि २५ लाख रुपैयाँ यति डेभलपमेन्ट फाइनान्सबाट कर्जा लिएको र सोको साँवा तथा ब्याज बुझाउन नसक्दा उनले धितोस्वरूप राखेको घर-घडेरी फाइनान्सले आफ्नो नाममा गराएको थियो । पछि यति डेभलपमेन्ट फाइनान्स र महालक्ष्मी विकास बैंक मर्ज हुँदा घरघडेरी लिलामीको सूचना महालक्ष्मी विकास बैंकले निकालेको थियो ।

यस विषयमा जबरजस्ती जग्गा कब्जा गरेर बसेका मदनले सामाजिकरूपमा ५४ लाख रुपैयाँ लिएर जग्गा फिर्ता गराउने कुराकानी चलिरहेकोले आफू रकमको बन्दोबस्तीमा लागेको बताए ।

# खेलकूदको संसार

## कर्णालीलाई हराउँदै जनकपुर फाइनलमा प्रवेश

काठमाडौं, ४ पुस/रासस

कर्णाली याक्सलाई दुई विकेटले पराजित गर्दै जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।




कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीवार भएको दोस्रो क्वालिफायर खेलमा कर्णालीले दिएको ११९ रनको लक्ष्य पछ्याएको जनकपुरले १९ ओभरमा आठ विकेट गुमाएर पूरा गरेको थियो ।

जनकपुरले उपाधिका लागि सुदूरपश्चिम रोयल्ससँग यही पुस ६ गते प्रतिस्पर्धा गर्नेछ । बुधवार भएको पहिलो क्वालिफायर खेलमा सुदूरपश्चिमले जनकपुरलाई पराजित गर्दै फाइनलमा पुगेको थियो ।

जनकपुरको यो जीतमा जेम्स नीशमले १७ बल खेल्दै दुई चौका र पाँच छक्काको मदतमा सर्वाधिक ४५ रन बनाए । शेर मल्लले अविजित १६ रन जोडे । हर्ष ठाकरले १७, मयन यादवले १५ र आकाश त्रिपाठीले १३ रन बनाएका थिए ।

बलिङतर्फ कर्णाली याक्सका विपिनप्रसाद शर्माले तीन विकेट लिए भने सोमपाल कामी, विलियम बोसिस्टो र जिसन मकसूदले समान एक/एक विकेट लिए ।

त्यस अघि टस हारेर पहिला ब्याटिङ गरेको कर्णाली याक्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै ११८ रनको योगफल बनाएको थियो । कर्णालीका लागि गुलशन झाले २० बलमा एक चौका र दुई छक्काको मदतमा सर्वाधिक २५ रन बनाएका थिए ।

त्यस्तै, ओपनर देव खनालले २० बलमा तीन चौका र एक छक्काको सहयोगमा २४ रन जोडे भने विलियम बोसिस्टोले १५ बलमा एक चौकाको सहयोगमा १४ रन बनाए । जिशन मकसूदले दुई चौकाको सहयोगमा १२ रन जोड्दा १७ बल खेलेका उनिश ठकुरीले दुई चौका प्रहार गर्दै १२ रन बनाएका थिए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बटुल्न सकेनन् ।

कप्तान सोमपाल कामी पाँच रनमा आउट भए भने जयकिशन कोल्सावालाले एक रन बनाएका थिए । जनकपुरका लागि जेम्स नीशम, मोहम्मद मोहसिन र ललितनारायण राजवंशीले समान दुई/दुई विकेट र हर्ष ठाकर र शेर मल्लले समान एक/एक विकेट लिएका थिए ।

## भारतले च्याम्पियन्स ट्रफी पाकिस्तानमा नभई तटस्थ मैदानमा खेल्ने

कराँची, ४ पुस/एएफपी

भारतले आगामी वर्षको च्याम्पियन्स ट्रफीका खेलहरू प्रतियोगिताको आयोजक र चिरपरिचित प्रतिद्वन्द्वी पाकिस्तान जान अस्वीकार गरेपछि तटस्थ मैदानमा खेल्ने भएको अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले हप्तौंको झगडापछि बिहीवार जानकारी दिएको छ ।

बदलामा पाकिस्तानले पनि भारतमा आयोजना हुने आगामी आइसिसी प्रतियोगिताहरू अन्य देशहरूमा खेल्नेछ । यसको बारेमा अझै निर्णय हुन बाँकी छ ।

आइसिसी बोर्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सन् २०२४-२०२७ को अधिकार चक्रमा आइसिसी प्रतियोगिताहरूमा दुवै देशले आयोजना गर्ने भारत र पाकिस्तानका खेल तटस्थ स्थानमा खेलिनेछ । यो आगामी आइसिसी पुरुष च्याम्पियन्स ट्रफी २०२५ (पाकिस्तानद्वारा आयोजना गरिएको)मा लागू हुनेछ ।"

यो सम्झौता भारतले आयोजना गर्ने आइसिसी महिला क्रिकेट विश्वकप २०२५ र भारत तथा श्रीलङ्काले आयोजना गर्ने आइसिसी पुरुष टी-२० विश्वकप २०२६ सम्म विस्तार हुने विज्ञप्तिमा उल्लेख छ ।

सुरक्षा चिन्ता र राजनीतिक तनावका कारण पाकिस्तानमा आफ्नो टोली पठाउनेछैन भनी भारतले आइसिसीलाई बताएपछि यो घोषणाले च्याम्पियन्स ट्रफीलाई लिएर एक महीना लामो गतिरोध समाप्त भएको छ ।

तर पाकिस्तानले भने २०२३ को आइसिसी विश्वकपका खेल भारतमा खेलेको थियो । रासस

## महिला यू-१९ एशिया कप: नेपाल र श्रीलङ्काले अङ्क बाँडे

काठमाडौं, ४ पुस/रासस

मलेशियामा जारी महिला यू-१९ एशिया कपको 'सुपर-४' को नेपाल र श्रीलङ्काबीचको खेल वर्षाका कारण रद्द भएपछि एक/एक अङ्क बाँडेका छन् ।

आजको खेलमा नेपालले श्रीलङ्काविरुद्ध टस जितेर फिल्डिङ गरेको थियो । पहिलो ओभर सकिए लगत्तै शुरू भएको वर्षा नरोकिएपछि खेल रद्द हुन पुगेको हो । नेपालले पहिलो ओभरमैं श्रीलङ्काको एक विकेट लिएको थियो । वर्षा नरोकिएपछि दुवै टोलीले समान एक/एक अङ्क बाँडेका हुन् ।

यस अघि नेपालले पहिलो खेलमा पाकिस्तानलाई छ विकेटले हराउँदै सुपर-४ मा प्रवेश गरेको थियो । यसैगरी, समूह चरणको अन्तिम खेल पनि वर्षाका कारण रद्द भएपछि नेपाल र भारतले एक/एक अङ्क बाँडेका थिए । सुपर-४ मा नेपालसहित भारत, बङ्गलादेश र श्रीलङ्का छन् । नेपालले शुक्रवार सुपर-४ अन्तर्गत बङ्गलादेशको सामना गर्नेछ ।

## सुखीपुरमा चौथो नगर कप टी-२० क्रिकेट प्रतियोगिता

सिराहा, ४ पुस /रासस

सिराहाको सुखीपुर नगरस्तरीय चौथो नगर कप टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । 'स्वास्थ्यका लागि खेलकूद, नगरका लागि खेलकूद' नाराका साथ यही पुस ७ गतेदेखि उक्त प्रतियोगिता सञ्चालन हुने भएको हो ।

नगर सुधार समिति सुखीपुरको आयोजना र स्थानीय क्रिकेट क्लबको व्यवस्थापनमा प्रतियोगिता हुने समितिका संयोजक भुवन यादवले जानकारी दिए । उनका अनुसार सुखीपुर नगरका १० वटै वडाले आफ्नो खेलाडी समूह सहभागी गराउनेछन् । प्रतियोगिताको लागि अहिले खेल अभ्यास गराउँदै आएको संयोजक यादवले जानकारी दिए । प्रतियोगिताबाट उत्कृष्ट खेलाडीको पहिचान गरिने र उनीहरूको विकासमा नगरले ध्यान दिने नगरप्रमुख रामऔतार यादवले बताए ।

त्यसैगरी, उनले खेलको व्यवसायीकरणबाट नगरको प्रतिष्ठा र गौरव बढाउन सकिने भएकाले प्रत्येक वर्ष प्रतियोगिता सञ्चालन गर्दै आएको पनि जानकारी दिए ।

## वसन्तपुरमा महायज्ञको लागि कलशयात्रा

प्रस, पोखरिया, ४ पुस/

पोखरिया नगरपालिका-३ वसन्तपुरमा श्रीमद्भागवत पुराण कथा महायज्ञको पूर्वसन्ध्यामा बिहीवार कलशयात्रा सम्पन्न भएको छ ।




सात दिने श्रीमद्भागवत कथाको लागि आज कलशयात्रा निकालिएको पूर्ववडाध्यक्ष अजयप्रसाद कलवारले बताए । उनले गाउँमा शान्ति सुव्यवस्थाको लागि यज्ञ आयोजना गर्न लागिएको जानकारी गराए । पुस ५ देखि १२ गतेसम्म सात दिन लाग्ने महायज्ञमा महन्त शेषनाथ दास वैरागीको नेतृत्वमा आज कलशयात्रा निकालिएको थियो भने भारतका सन्त श्रीकान्तमणि त्रिपाठीले यज्ञमा सात दिनसम्म कथावाचन गर्ने पूर्ववडाध्यक्ष कलवारले बताए ।